# सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (४) बमोजिमको

# वार्षिक प्रतिवेदन, २०८२/८३

नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०८३ भदौ

**विषयसूची**


**कार्यकारी सारांश ........ २**

**१. परिचय ........ ४**

१.१ संक्षिप्त परिचय ........ ४

१.२ दीर्घकालीन सोच ........ ४

१.३ उद्देश्य ........ ४

१.४ रणनीति ........ ४

१.५ कार्यक्षेत्र ........ ५

१.६ नीति, ........ ७

१.६.१ अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड ........ ११

**२. आ.व.२०८२/८३ को प्रमुख कार्य र मुख्य मुख्य उपलब्धि ........ १४**

२.१ नीतिगत तथा कानूनी सुधार ........ १४

२.२ संरचनागत सुधार ........ १५

२.३ योजना तथा कार्यक्रम कार्यान्वयन अवस्था एवम् मुख्य नवप्रवर्तनात्मक कार्यहरु ........ १६

२.४ आर्थिक वर्ष २०८२/८३ को अर्थ मन्त्रालय वा अन्तर्गतको बजेट र खर्चको अवस्था ........ २१

२.५ मन्त्रालय वा अन्तर्गत निकायको बेरूजु फछ्र्यौट तथा प्रगति अवस्था ........ २१

२.६ आर्थिक वर्ष २०८२ /८३ को माइलस्टोन प्रगतिको अवस्था ........ २२

**३. अर्थ मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादन भएका मुख्य मुख्य क्रियाकलाप सूचक र उपलब्धिको तुलनात्मक अवस्था ........ २३**

३.१ नेपाल सरकारको बजेट खर्चको यथार्थ अवस्थाः ........ २३

**४. आर्थिक वर्ष २०८२/८३ मा मुलुकको समग्र आर्थिक परिसूचक ........ २५**

४.१ आर्थिक वृद्धि ........ २५

४.२ खर्च, राजस्व, आय र कराधार विस्तार ........ २६

४.३ सार्वजनिक ऋण ........ २९

४.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन ........ ३०

४.५ मौद्रिक स्थिति ........ ३०

४.६ मुद्राप्रदाय ........ ३३

४.७ बीमा ........ ३३

४.८ पुँजी बजार ........ ३३

४.९ वैदेशिक व्यापार ........ ३३

४.१० सेवा व्यापार र पर्यटक आगमन ........ ३४

४.११ वैदेशिक रोजगार र विप्रेषण आप्रवाह ........ ३४

४.१२ चालु खाता एवम् शोधनान्तर स्थिति ........ ३४

४.१३ विदेशी विनिमय सञ्चिति ........ ३४

४.१४ वैदेशिक लगानी ........ ३५

४.१५ विद्युत उत्पादन ........ ३५

५. निष्कर्ष ........ ३५

## कार्यकारी सारांश

- अर्थ मन्त्रालयलाई प्राप्त कार्यजिम्मेवारीलाई सम्पादन गर्ने क्रममा आ.व.२०८२/८३ मा मन्त्रालय वा अन्तर्गतबाट वर्षभरि सञ्चालन गरेका कार्यक्रम, सम्पन्न भएका क्रियाकलाप र त्यसको प्रगति तथा उपलब्धि लगायतका विषय समावेश गरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम यो वार्षिक प्रतिवेदन तयार गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई नेपालको संविधानको धारा-५३ बमोजिमको बार्षिक प्रतिवेदन तयार गर्न सहयोग समेत पुग्ने गरी यो प्रतिवेदन तयार पारिएको छ।
- आर्थिक वर्ष २०८२/८३ मा कर राजस्व रु.११ खर्ब २१ अर्ब ०८ करोड २१ लाख, गैरकर राजस्व तर्फ रु.१ खर्ब २० अर्ब २३ करोड ६५ लाख र अन्य प्राप्ती ८ अर्ब ७ करोड ९ लाख गरी जम्मा रु.१२ खर्ब ४९ अर्ब ३८ करोड ९५ लाख राजस्व सङ्कलन भएको छ।यस अवधिको राजस्व परिचालन लक्ष्य रु.१४ खर्ब ८० अर्बको तुलनामा ८४.४२ प्रतिशत राजस्व सङ्कलन भएको छ।
- आर्थिक वर्ष २०८२/८३ मा अनुदान रु.२१ अर्ब ६१ करोड २७ लाख र ऋण रु.१ खर्ब ९ अर्ब ४६ करोड ९३ लाख गरी कुल रु.१ खर्ब ३१ अर्ब ८ करोड २० लाख वैदेशिक सहायता परिचालन भएको छ। आर्थिक वर्ष २०८२/८३ को कुल वैदेशिक सहायतामध्ये अनुदान १६.४९ प्रतिशत र ऋण ८३.५१ प्रतिशत रहेको छ।
- घाटा बजेट परिपूर्तिको लागि आ.व.२०८२/८३ मा ३ खर्ब ५८ अर्ब ६६ करोड आन्तरिक ऋण र बाह्य ऋण रु.८८ अर्ब ५० करोड गरी जम्मा रु.४ खर्ब ४७ अर्ब १७ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ।
- आर्थिक वर्ष २०८२/८३ मा कुल रु.१९ खर्ब ६४ अर्ब ११ करोड बजेट विनियोजन गरिएकोमा यथार्थ खर्च रु.१५ खर्ब ८१ अर्ब ५२ करोड अर्थात ८०.५२ प्रतिशत भएको छ। चालु खर्चतर्फ रु.११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकोमा रु.१० खर्ब ४३ अर्ब ३३ करोड अर्थात ८८.३४ प्रतिशत र पुँजिगत तर्फ रु.४ खर्ब ७ अर्ब ८९ करोड विनियोजन भएकोमा रु. १ खर्ब ९० अर्ब ८७ करोड अर्थात् ४६.७९ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु.३ खर्ब ७५ अर्ब २४ करोड विनियोजन भएकोमा रु.३ खर्ब ४७ अर्ब ३३ करोड अर्थात् ९२.५६ प्रतिशत खर्च भएको छ।
- आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु निर्यातमा १३.८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १५ अर्ब २९ करोड पुगेको छ भने अघिल्लो वर्ष यस्तो निर्यातमा ८१.८ प्रतिशतले वृद्धि भएको थियो। त्यसैगरी कुल वस्तु आयातमा १६.२ प्रतिशतले वृद्धि भई रु.२० खर्ब ९६ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १३.३ प्रतिशतले वृद्धि भएको थियो।
- वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः १३ प्रतिशत, २७.७ प्रतिशत र १७.५ प्रतिशतले वृद्धि भएको छ।

- आर्थिक वर्ष २०८२/८३ मा कुल वैदेशिक लगानी आप्रवाहमा १३७ प्रतिशतले वृद्धि भई रु.२८ अर्ब ४९ करोड पुगेको छ। २०८३ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रु.३८ खर्ब ९७ अर्ब ६७ करोड पुगेको छ।
- आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहेको अनुमान छ। अघिल्लो वर्ष आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८२/८३ मा नेपालको अर्थतन्त्रको आकार रु.६६ खर्ब हाराहारी पुगेको अनुमान छ।
- २०८३ असार मसान्तमा स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ७९ लाख ११ हजार पुगेको छ।२०८२ असारसम्म यस्तो सङ्ख्या ६९ लाख ९९ हजार पुगेको थियो।
- केन्द्रीय विजक अनुगमन प्रणाली (Central Billing Monitoring System-CBMS) मा वार्षिक रु.१० करोड रुपैंयाँभन्दा बढीको कारोबार गर्ने र विभागले तोकेका अन्य करदाताले अनिवार्य रुपमा यस प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था अनुरुप यस अवधिमा उक्त प्रणालीको क्षमता वृद्धि गरी थप ८०० करदातालाई यस प्रणालीमा आबद्ध गर्ने लक्ष्य लिइएकोमा ११५१ करदातालाई प्रणालीमा आबद्ध गरिएको तथा विद्युतीय विजक जारी गर्ने तर्फ २००० करदाताको लक्ष्य रहेकोमा ४३८४ करदाता रहेको।

# १. परिचय

## १.१ संक्षिप्त परिचय

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउँदै समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकाससँग सम्बन्धित सम्पूर्ण गतिविधि व्यवस्थापन गर्ने अभिभारा अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तरसरकारी वित्त व्यवस्थापन, राजस्व सङ्कलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंक तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा तथा पुँजी बजार व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा, सरकारको अल्पकालीन तथा दीर्घकालीन खर्च व्यवस्थापन सम्बन्धी कार्य अर्थ मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।

## १.२ दीर्घकालीन सोच

सबल र सुदृढ आर्थिक एवं वित्तीय व्यवस्थापनको माध्यमबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान पुऱ्याउँदै  समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

## १.३ उद्देश्य

आन्तरिक राजस्वको आधार विस्तार एवं सुदृढीकरण गर्दै उपलब्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहयोग पुऱ्याउने।

## १.४ रणनीति

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने,
- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास, प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई सबै किसिमका करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने,
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक हासिल वृद्धि गर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुका साथै वित्तीय अनुशासन कायम गर्ने,
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्बन गर्ने,
- बजेट निकासा, लेखाङ्कन, अन्तरिक लेखा परीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्व व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसर विस्तार गर्ने र निकासीजन्य उत्पादनका क्षेत्रमा बाह्य सहायता परिचालन गर्ने,

- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने,
- अन्तर्राष्ट्रिय विकास सहायतालाई प्राथमिकता प्राप्त क्षेत्र र विषयमा केन्द्रित गर्ने,
- राष्ट्रिय बजेट प्रणालीमा आबद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने,
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयन मार्फत साधन स्रोतको उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने,
- वित्तीय उपकरणको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणाली विकास गर्ने,
- निजीकरण भएका संस्थानको अनुगमन गर्ने,
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा परिचालन गर्ने र
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकायमार्फत सञ्चालन गर्ने।

## १.५ कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य देहाय अनुसार रहेका छन्:

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।
- आर्थिक साधनहरूको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।
- समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति।
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानून, समन्वय र नियमन।
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण।
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैंकिङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय।
- वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कार्यान्वयन।
- सङ्घीय संचित कोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष।
- बजेट तर्जुमा, कार्यान्वयन र नियमन।
- सरकारी जमानत।
- संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदान सम्बन्धी नीति, कानून र नियमन।

- तलब, भत्ता, उपदान, निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय।
- संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति, कानून र मापदण्ड।
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली।
- राजस्वसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन।
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण।
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन।
- आर्थिक कार्यविधिसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।
- मूल्य नीति।
- लेखा तथा लेखापरीक्षण प्रणाली।
- वित्तीय जोखिम व्यवस्थापन।
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन।
- सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति।
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवाशुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट।
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, वहुपक्षीय समन्वय, सन्धि, सम्झौता, समझदारी, कार्यान्वनय र नियमन।
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान।
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- बीमासम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- संघ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन।
- राजस्व चुहावट नियन्त्रण।
- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्य
- महालेखा परीक्षकको कार्यालय।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- महालेखा नियन्त्रकको कार्यालय।
- सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण।
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालीम, अध्ययन र अनुसन्धान।

- निक्षेप तथा कर्जा सुरक्षण कोष।
- कर्मचारी सञ्चय कोष।
- नागरिक लगानी कोष।
- अवकाश कोष।
- सार्वजनिक संस्थानहरू र निजीकरणसम्बन्धी नीति, कानून, मापदण्ड, अनुगमन र नियमन।
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।
- नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

## १.६ नीति,

नेपालको संविधानको धारा ५१ को खण्ड (घ) ले अर्थ, उद्योग र वाणिज्य क्षेत्रका सम्बन्धमा गरिएको नीतिगत व्यवस्थाः

| सि.नं | राज्यका नीति | उपलब्धि |
|---|---|---|
| १ | सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने। | • सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता अभिवृद्धि गर्न परियोजना विशेष ऋणपत्र अध्ययन प्रतिवेदन तयार भएको। साथै आर्थिक सुधारको मार्गचित्र सहितको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको अन्तिम प्रतिवेदन प्राप्त भई कार्यान्वयन भैरहेको। |
| २ | अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने। | • सन् २०२५ को सार्वभौम क्रेडिट रेटिङ् Sovereign Credit Rating(SCR) मूल्याङ्कन सम्पन्न भई नेपालले "BB-'÷ स्कोर प्राप्त गरेको र Outlook Stable रहेको।<br>• प्राप्त स्कोरले नेपालमा वैदेशिक तथा स्वदेशी निजी लगानी प्रवर्द्धन गर्न सहयोग पुगेको। साथै आगामी दिनमा अन्तराष्ट्रिय बजारबाट सस्तो ब्याजदरमा सार्वजनिक तथा निजि क्षेत्रले ऋण प्राप्त गर्न सहयोग पुग्ने र लगानीको स्रोतको विविधिकरण भई परम्परागत स्रोत माथिको निर्भरता कम हुँदै जाने।<br>• असल व्यवसायीको सम्मान एवम् व्यापारसहजीकरणको लागि अथोराईज्ड बिजनेस पर्सनको पहिचान सहित भन्सारमा ब्लू लेन मार्फत जाँचपास गर्ने व्यवस्था मिलाइने। |
| ३ | सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने। | • सहकारी सम्बन्धि ऐन, २०७४ कार्यान्वयनमा रहको।<br>• सहकारी क्षेत्रको नियमनका लागि राष्ट्रिय सहकारी प्राधिकरण गठन गरिएको। |
| ४ | आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने। | • सम्पत्ति शुद्धिकरण सम्बन्धी राष्ट्रिय रणनिति तथा कार्ययोजना (२०८१-२०८६) र ग्रे लिष्टबाट बाहिरिने कार्ययोजना, २०८२ तर्जुमा भई कार्यान्वयनमा रहेकोले स्वच्छ र सुशासित अर्थतन्त्र निर्माणमा सहयोग पुगेको। |

| | | |
|---|---|---|
| | | • सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी National Risk Assessment(NRA) प्रतिवेदन लेखन सम्बन्धी तालिम आयोजना गरिएको र यस सम्बन्धी प्रारम्भिक प्रतिवेदन तयार भई पृष्ठपोषणको लागि सम्बनद्ध निकायमा प्रषित गरिएको<br>• यसबाट नेपाललाई FATF को ग्रे लिष्टबाट बाहिर निकाल्नको साथै अन्तरष्ट्रियस्तरमा नेपालको छवी र विश्वनीयता अभिवृद्धि गर्न सघाउ पुग्ने।<br>• राजस्व चुहावट नियन्त्रणका लागि नियमित रुपमा केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठक बसी रणनीति कार्यान्वियन गर्ने गरिएको।<br>• आय आर्जन गर्ने सबै व्यक्तिलाई करको दायरामा ल्याउने नीति अनुरुप कार्य भैरहेको।<br>• विल लिने दिने संस्कृतिको विकास गरी कराधारको स्तर थप गर्न करदाता प्रोत्साहन उपहार कार्यक्रम संञ्चालनमा ल्याईएको। |
| ५ | उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने। | • उच्च एवम् दीगो आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्व हासिल हुनेगरी तथ्यमा आधारित यथार्थपरक बजेट तर्जुमाको लागि आधार तयार भएको।<br>• आर्थिक सर्वेक्षणमा समावेश गरिएका आर्थिक सामाजिक र सुशासन सम्बन्धी सूचकहरुले सार्वजनिक स्रोत साधनको न्यायोचित वितरण भए नभएको विश्लेषण तथा मूल्याङ्कन गर्ने आधार तयार गरेको। साथै वार्षिक नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनबाट हासिल प्रतिफलको सार्वजनिकीकरण भई सूचनाको हकमा नागरिकको पहुँच स्थापित भएको हुने।<br>• प्रगतिशिल करको माध्यामबाट श्रोत साधन तथा आर्थिक श्रोतको न्यायोचित वितरणलाई सुनिश्चित गर्न सोही अनुरुप करका दर तथा कर नीति अवलम्वन गरिएको। |
| ६ | तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसंग सम्वन्धित। |
| ७ | कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसंग सम्वन्धित। |
| ८ | राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसंग सम्वन्धित। |
| ९ | राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने। | • Digital भुक्तानीमा मू.अ.करको १० प्रतिशत रकम फिर्ता गर्ने सम्बन्धमा कर फिर्ता दिने वस्तुको पहिचान गरी मू.अ.कर फिर्ता दिने कार्य संञ्चालनमा रहेको।<br>• निजीकरण (पहिलो संशोधन) ऐन, २०८१ कार्यन्वयनमा रहेको।, |

| | | |
|---|---|---|
| | | • आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ मा संशोधन गरी कार्यान्वयनमा रहेको।<br>• सूचना प्रविधि क्षेत्रमा कार्यरत जनशक्तिले प्राप्त गर्ने स्वेट ईक्विटीको रकमलाई करयोग्य आय गणनामा शत प्रतिशत छुट हुने व्यवस्था मिलाईएको। |
| १० | राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुंजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन तथा परिचालन गर्ने। | • विदेशी लगानी आकर्षित गर्न दोहोरो करमुक्ती सम्झौता सम्बन्धमा Gap Analysis तथा नेपालको हितलाई केन्द्र विन्दुमा राखी आफ्नै मोडल विकासको सम्बन्धमा विज्ञ मार्फत अध्ययन गरिएको।<br>• व्यापार सहजीकरण एवम् आयात निर्यात लगायतका भन्सार सम्वन्धित कार्यलाई Paperless, Faceless र Contactless बनाउन सूचना प्रविधि प्रणालीको विकास र स्तरोन्नति गर्ने क्रममा ८ वटा भन्सार कार्यालयहरुमा प्रयोगशाला मोड्युल लागू गरिएको।<br>• निर्यात प्रवर्द्धन तथा प्रोत्साहनका लागि सूचना प्रविधि तथा अन्य निर्यातमा मूल्य अभिवृद्धि करमा शुन्यदर एवं आयकरमा करको दरमा विशेष सहुलियत व्यवस्था गरिएको। |
| ११ | वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने। | • संवैधानिक मर्म अनुसार विकस सहायता परिचालन गर्न विकास सहायता परिचालन नीति, २०८२ अनुरुप सहायता परिचालन भइरहेको।<br>• विकास सहायता परिचालन गर्न विकास सहायता परिचालन नीति, २०८२ को मुख्य ध्येय राष्ट्रको आवश्यकता र प्राथमिकता अनुरुप उत्पादनशील र उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा वैदेशिक सहायता परिचालन गर्ने गरी ऋण तथा अनुदान सम्झौता हुने गरेको।<br>• बजेट प्रणालीसंग अन्तरआवद्धता गर्ने गरी सहायता परिचालनमा प्राथमिकता दिने गरेको।<br>• वैदेशिक सहायताका आयोजनाहरुको लागि मिति २०८२/०३/०८ मा अर्थ मन्त्रालयबाट स्वीकृत भई प्रोजेक्ट रेडिनेस फिल्टर कार्यान्वयनमा आएको।<br>• जलवायु वित्त परिचालनसम्बन्धी कार्याविधि, २०८३ लागू भएको।<br>• राष्ट्रिय प्राथमिकतासंग आवद्ध हुने गरी एकीकृत राष्ट्रिय वित्त रणनीति (Integrated National Financing Strategy, 2025) लागू गरिएको। |
| १२ | गैर-आवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने। | • विदेशको आम्दानी स्वदेशमा लगानी अन्तरगत गैरआवासीय नेपालीको पुँजी, प्रविधि र सीपलाई मातृभूमिसँग जोड्ने जन्मस्थलमा गैरआवासीय नेपाली अभियान संचालन गरिएको।<br>• वैदेशिक रोजगारीमा रहेका विशेषज्ञ र सीपयुक्त नेपालीलाई स्वदेशमै उद्यमशील र स्वरोजगार बन्न आकर्षित गर्ने कार्यक्रम संचालन गरिएको।<br>• गैर आवासीय नेपाली तथा गैर आवसीय नेपालीबाट प्रबर्द्धित विदेशस्थित संस्थाको नाममा विदेशी मुद्रामा बचत तथा निक्षेप संकलन गर्ने गरी "क" वर्गका बैंकमा खाता खोल्न सक्ने व्यवस्था |

| | | |
|---|---|---|
| | | गरिएको।<br>• संविधानले सुनिश्चित गरेको "गैर आवासीय नेपाली नागरिकता" सम्बन्धी प्रावधानमा समसामयिक संशोधन गरी "एक पटकको नेपाली, सधैंको नेपाली" भन्ने नारालाई मूर्तरुप दिंदै गैर आवासीय नेपालीलाई सबै किसिमका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रदान गरी राष्ट्र निर्माणको मूल अभियानमा समावेश गरिने। |
| १३ | औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र सङ्घबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने। | • अन्तर-सरकारी वित्त परिषद्को बैठक मिति २०८२/०१/०३ मा सम्पन्न भएको।<br>• विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ र समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ कार्यान्वनमा रहेको। |

## १.६.१ अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड

अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अन्तर्गतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा पालना गर्नेछन्।

**ऐनहरू**

- सामयिक कर असुल ऐन, २०१२
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोवार ऐन,२०५४
- वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- दामासाही ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन,२०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- लेखापरीक्षण ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९
- बीमा ऐन,२०७९
- भन्सार महसुल ऐन, २०८१
- वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८१
- सालबसाली ऐनहरू (आर्थिक ऐन, विनियोजन ऐन, राष्ट्रिय ऋण उठाउने ऐन)

**नियमावलीहरू**

- मदिरा नियमावली,२०३३
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली,२०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली,२०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५

- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७,
- धितोपत्र बजार सञ्चालन नियमावली, २०७९
- कर्मचारी संचयकोष नियमावली, २०८१
- बीमा नियमावली, २०८१
- सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८१
- भन्सार महसुल नियमावली, २०८१
- भन्सार नियमावली, २०८३

## निर्देशिकाहरू

- आयकर निर्देशिका, २०६६
- अन्तःशुल्क निर्देशिका, २०६८
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- जग्गा तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२
- कार्य सञ्चालन निर्देशिका, २०८१ (नवौं संस्करण)
- प्रदेश तथा स्थानीय तहको लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०
- हस्तान्तरण मूल्य (Transfer Pricing) सम्बन्धी निर्देशिका, २०८१
- विद्युत सेवामा मूल्य अभिवृद्धि कर असुल गर्ने निर्देशिका, २०८३
- आन्तरिक राजस्व विभागको कार्य सञ्चालन सेवा प्रवाह निर्देशिका, २०८३

## कार्यविधिहरू

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामूहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५
- नव प्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि, २०७६
- सहुलियतपुर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बीमा सम्बन्धी कार्यविधि,२०७६
- रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६
- नवप्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७

- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७
- वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०
- विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०
- समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१
- सरकारी लगानी व्यवस्थापन कार्यविधि, २०८२
- जलवायु वित्त परिचालनसम्बन्धी कार्याविधि, २०८३
- करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**नीति, मापदण्ड**

- घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- वैदेशिक सहायता परिचालन नीति, २०८२
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७८
- आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१
- विकास सहायता परिचालन गर्न विकास सहायता परिचालन नीति, २०८२

## २. आ.व.२०८२/८३ को प्रमुख कार्य र मुख्य मुख्य उपलब्धि

आ.व २०८२/८३ मा बजेट प्रणाली, लेखा प्रणाली र राजस्व प्रणालीमा सुधार, लगानीमैत्री वातावरण निर्माण, वैदेशिक सहायता परिचालनका क्षेत्रमा विभिन्न कार्यसम्पादन भई संविधानमा व्यवस्था गरिएको अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिको कार्यान्वयनबाट देहायबमोजिमका उपलब्धी हासिल भएका छन्।

## २.१ नीतिगत तथा कानूनी सुधार

आर्थिक वर्ष २०८२/८३ मा जारी भएका अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्डहरु देहाय अनुसार रहेको छ।

(क) लिज फाइनान्स सम्बन्धी विधेयक तर्जुमाको नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/०५/०२ गते सिद्धान्त स्वीकृत भएको।

(ख) “आन्तरिक ऋण (निष्कासन तथा व्यवस्थापन) कार्यविधि, २०८१” विद्यायन ऐन, २०८१ मिति २०८१/०६/०७ मा स्वीकृत भएको।

(ग) “सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२” मिति २०८२/०४/२६ मा स्वीकृत भएको।

(घ) "कर्मचारी सञ्चय कोष नियमावली, २०८१" मिति २०८१/१२/२८ मा स्वीकृत भएको।

(ङ) भौतिक पूर्वाधार पुनः निर्माण समिति (गठन तथा सञ्चालन) आदेश, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/०६/०५ मा स्वीकृत भएको।

(च) वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/०६/२३ मा सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्राप्त भएको।

(छ) वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८१ सङ्घीय संसद सचिवालयमा मिति २०८२।०७।१६ मा दर्ता भएको।

(ज) भुक्तानी तथा फर्स्यौट (पहिलो संशोधन) ऐन, २०८२ को मस्यौदा तर्जुमा सहमतिका लागि मिति २०८२।०७।१६ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।

(झ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (दोस्रो संशोधन) नियमावली, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई २०८२/०९/०३ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

(ञ) बहुबर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ मिति २०८२।०९।०८ मा स्वीकृत भएको।

(ट) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (पहिलो संशोधन) नियमावली, २०८२ मिति २०८२।०९।११ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई २०८२/०९/२४ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

(ठ) समपुरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८३ मिति २०८३/०१/१८ गते स्वीकृत।

(ड) विशेष अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८३ मिति २०८३/०१/१८ गते स्वीकृत।

(ढ) भन्सार नियमावली, २०८३ मन्त्रिपरिषद्बाट स्वीकृत भई मिति २०८३/०१/२१ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

(ण) भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक नेपाल सरकार (मन्त्रिपरिषद्) मा मिति २०८३/०२/०७ गते प्रस्ताव पेश भएको।

(त) मदिरा (पाँचौं संशोधन) नियमहरु, २०८३, मूल्य अभिवृद्धि कर (अट्ठाइसौं संशोधन) नियमावली, २०८३, आयकर (सत्रौं संशोधन) नियमावली, २०८३, अन्तःशुल्क (अट्ठाइसौं संशोधन) नियमावली, २०८३, भन्सार महसुल (दोस्रो संशोधन) नियमावली, २०८३ र भन्सार (पहिलो संशोधन) नियमावली, २०८३ को मस्यौदा मिति २०८३।२।१५ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएपश्चात सोही मितिमा अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरिएको।

## २.२ संरचनागत सुधार

- अर्थ मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) सम्पन्न भएको। नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण पश्चात् अर्थ मन्त्रालय र अन्तर्गतको संगठन संरचनामा कुल ११९ दरबन्दी कटौती भई वार्षिक करिब ४ करोड ६२ लाख खर्च कटौती हुने देखिएको।
- यस मन्त्रालय र अन्तरगतको निकायहरुको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने विषय मन्त्रिपरिषद्को मिति २०८३/०३/३२ मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार राजस्व अनुसन्धान विभाग र उक्त विभाग अन्तरगतका कार्यालयहरु खारेज गरिएको भन्सार विभाग अन्तरगत भन्सार जाँचपास परीक्षण PCA कार्यलयका साविकमा कायम रहेको विराटनगर, विरगञ्ज, भैरहवा इकाइ कार्यलयहरु खारेज गरी इटहरी, पथलैया वुटवल र कोहलपूर इकाई कार्यलय थप गरिएको।

## २.३ योजना तथा कार्यक्रम कार्यान्वयन अवस्था एवम् मुख्य नवप्रवर्तनात्मक कार्यहरु

- राष्ट्रिय परिचयपत्रसँग PAN को आबद्धता, अनलाइन QR कर चुक्ता, १० करोड भन्दा माथिको कारोवारमा अनिवार्य E-billing, तथा NNSW/ASYCUDA मा नयाँ मोड्युल (TIV र Declarant) को विकास र कायान्वयन।
- कर र भन्सार प्रशासनलाई प्रविधिमैत्री बनाउँदै सेवाग्राहीको समय र लागत घटाउनुका साथै प्रणालीगत पारदर्शिता कायम गरेको।
- आर्थिक ऐन तथा भन्सार नियमावली (२०८३) कार्यान्वयन र साविकका ३६ वटा करदाता सेवा कार्यालय खारेज गरी १२० स्थानीय तह तथा ३८ कोष तथा लेख नियन्त्रक कार्यलयबाट सेवा प्रवाह सुरु गरिएको छ। यसले गर्दा नीतिगत स्पष्टता कायम हुनुका साथै कर प्रशासन विकेन्द्रीकृत भई राज्यको सेवा नागरिकको घरदैलोमै पुगेको।
- OECD Global Forum को सदस्यता प्राप्ति, नेपालको आफ्नै Model DTAA तर्जुमा, र भारतसँग निकासी गरिने वस्तुको तथ्याङ्क आदानप्रदान गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको।
- Customs Risk Management System (CRMS) लागू तथा बहुमूल्य धातु/वस्तु कारोबारमा AML/CFT का कडा मापदण्ड र जोखिम मूल्याङ्कन कार्यान्वयनमा आएको छ।यसले गर्दा अन्तर्राष्ट्रिय मञ्चमा नेपालको कर प्रणालीको विश्वसनीयता बढेको, वैदेशिक लगानीको वातावरण बनेको र सीमापार हुने कर छली नियन्त्रणमा सघाउ पुगेको छ।साथै वैध व्यापारलाई सहजीकरण गर्दै वित्तीय अपराध, कालो धन र अवैध व्यापार निरुत्साहित गरी राष्ट्रिय अर्थतन्त्रलाई सुरक्षित बनाएको छ।
- राजस्व छली, विदेशी विनिमय अपचलन र सम्पत्ति शुद्धीकरणमा अर्बौं मागदावी सहितका मुद्दा दायर तथा VCTS मार्फत सघन अनुगमन र कारबाही गरिएको।
- दण्डहीनताको अन्त्य, गुमेको राजस्व असुली र बजारमा राज्यको उपस्थिति महसुस गराई स्वैच्छिक कर सहभागिता बढाएको।
- आर्थिक बर्ष २०८२/८३ को बजेटको अर्धवार्षिक समीक्षा गरिएको।
- पुँजीगत खर्चको प्रभावकारिता अभिवृद्धिका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३१ मा संशोधन गरी पुँजीगत रकमको रकमान्तर गर्ने अधिकार सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई प्रदान गरिएको।
- आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयन कार्य योजना सहित प्रभावकारी कार्यान्वयनमा लगिएको।
- आर्थिक वर्ष २०८३/८४ को राष्ट्र ऋण उठाउने विधेयक, २०८३ संघीय संसदमा पेश गरिएको।
- विभिन्न मन्त्रालय तथा निकायहरूबाट माग भए अनुसार थप बजेट व्यवस्थापन गरी बजेट कार्यान्वयनमा सहजीकरण गरिएको।
- विनियोजन ऐन, २०८३ ले पुँजीगत तर्फको रकमान्तर सम्बन्धित मन्त्रालयलाई अख्तियारी प्रदान गरेको।
- आम निर्वाचन, २०८२ का लागि आवश्यक स्रोत व्यवस्थापन गरिएको।
- बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८२ जारी गरिएको।
- सरकारको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वय गर्न बिषयगत मन्त्रालयबाट अनुरोध भएअनुसार विभिन्न १२० भन्दा बढी निर्देशिका, मापदण्ड लगायतमा राय/परामर्श दिईएको।

- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ मा (पहिलो संशोधन) अनुसार आर्थिक बर्ष २०८३/८४ को बजेट तर्जुमाको लागि बिषयगत मन्त्रालयहरुलाई बजेट सिलिङ तथा मार्गदर्शन पठाईएको।
- आर्थिक बर्ष २०८३/८४ को बजेट, विनियोजन विधेयक तर्जुमा गरी संघीय संसदमा पेश गरिएको।
- विषयगत मन्त्रालयबाट अनुरोध भएअनुसार रकमान्तर, थप निकासा, कार्यक्रम संशोधन लगायतका विषयमा निर्णय गरी बजेट कार्यान्वयनमा सहजीकरण गरिएको।
- संवत् २०८२ माघ १ गतेदेखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिएको अवस्थामा बाहेक एकपटकमा पाँचलाख रूपियाँ वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तुको खरिद बिक्री वा अन्य कारोबार गर्दा वित्तीय संस्था वा बैङ्किङ्ग उपकरण मार्फत गर्नु पर्ने गरी सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ग. को उपदफा (१) बमोजिम नगद कारोबारको सीमा निर्धारण गरिएको।
- भा.रु.२०० तथा भा.रु.५०० दरका नोट नेपाली वा भारतीय नागरिकले प्रति व्यक्ति भा.रु.२५,०००/०० को सीमासम्म भारतबाट नेपालमा भित्र्याउन र नेपालबाट भारतमा लैजान सक्ने गरी मुद्रा निकासी वा पैठारी गर्न प्रतिबन्ध लगाउने सम्बन्धी सूचना परिमार्जन गरिएको।
- नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचना गर्न आवश्यक अध्ययन गरी सुझाव पेस गर्न प्रकाश जङ्ग थापा, काठमाडौंको संयोजकत्वमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचना सम्बन्धी सुझाव समिति, २०८२ गठन भएकोमा प्रतिवेदन प्राप्त भइ कार्यान्वयनको क्रममा रहेको।
- पूँजी बजारमा आम लगानीकर्ताको मनोबल वृद्धिका लागि चाल्नुपर्ने प्रणालीगत तथा प्रक्रियागत सुधारसम्बन्धी अध्ययन प्रतिवेदन प्राप्त भई कार्यान्वयनमा लगिएको।
- सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम नेपाल राष्ट्र बैंकलाई कर्जाको ब्याज अनुदानबापत रू. ९ अर्ब ८० करोड सोधभर्ना निकासा उपलब्ध गराइएको।
- भुक्तानी तथा फर्छ्यौट ऐन, २०७५ मा संशोधनको लागि मस्यौदा तयार गरी विधेयक तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।
- आयोजनाको पुनःप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र खर्च व्यवस्थापन सम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८२।०६।०५ मा भएको निर्णय कार्यान्वयन गरिएको।
- राज्यकोषबाट लगानी भएका प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरूपता कायम गर्नेसम्बन्धी सुझावको प्रस्ताव मन्त्रिपरिषद् वाट मिति २०८२।९।२१ मा स्वीकृति भएको।
- सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ मन्त्रालयको वेवसाइट मार्फत सार्वजनिक गरिएको साथै सम्वन्धित संस्थानमा कार्यान्वयनका लागि पठाइएको।
- राष्ट्रिय गौरवको आयोजनाको रुपमा नेपाल सरकारले निर्माणको उच्च प्राथमिकतामा राखेको बुढिगण्डकी पूर्ण जलाशययुक्त जलविद्युत आयोजनाको लगानी मोडालिटी स्वीकृतीको लागि नेपाल सरकार म.प.मा प्रस्ताव पेश गर्न सहमति प्रदान गरिएको।
- अरुण जलविद्युत आयोजनाको लगानी मोडालिटीमा सहमति प्रदान गरिएको।
- सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८२ पहिलो संशोधन २०८३ स्वीकृत भई कार्यान्वयनमा आएको।

- नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक २०८३ संघीय संसदमा दर्ता भै विचाराधिन रहेको।
- विदेशी विनिमय सम्बन्धी कानूनलाई संशोधन/एकीकरण गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा भई सर्वसाधारणको रायका लागि प्रकाशन गरिएको।
- नागरिक लगानी कोष (कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०८३) स्वीकृति गरिएको।
- दोस्रो वित्तीय क्षेत्र सुधार रणनीति (२०८२/०८३-२०८६/०८७) नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति भइ कार्यान्वयनमा आएको।
- सम्पत्ती तथा दायित्वको अध्ययन (DDA) प्रतिवेदन प्राप्त- ५ वटाको अन्तिम प्रतिवेदन प्राप्त भएको (गोरखकाली रवर र हेटौंडा सिमेण्ट,उदयपुर सिमेण्ट, जनकपुर चुरोट कारखाना र नेपाल मेटल कम्पनी लिमिटेड) -२ वटाको प्रारम्भिक (Inseption) प्रतिवेदन प्राप्त भएको (बुटवल धागो र नेपाल ओरियन्ट म्याग्नेसाइट)
- नेपाल स्टक एक्सचेन्जको पुँजी संरचना परिवर्तन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेस- सुझाव समितिबाट प्रतिवेदन प्राप्त भइ अर्थ अन्त्रालयले कार्यान्वयनको व्यवस्था मिलाउने गरि मिति २०८२/१०/१५ को मन्त्रिपरिषद्बाट निर्णय गरिएको।
- कर्मचारी संचय कोष ऐन, २०१९ संशोधन मस्यौदा नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश- मस्यौदा कानून मन्त्रालय पठाइएको।
- नागरिक लगानी कोष ऐन, २०४७ संशोधन मस्यौदा नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश- मस्यौदा कानून मन्त्रालय पठाइएको।
- निक्षेप तथा कर्जा सुरक्षण ऐन, २०७३ संशोधन मस्यौदा नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश- मस्यौदा प्राप्त भएको।
- विदेशी विनिमय व्यवस्थापन सम्बन्धी विधेयकको मस्यौदा नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश- सार्वजनिक सूचानाबाट सुझाव माग भएको।
- Strengthening Public Financial Management and Devolved Service Delivery Program (Subprogram २) अन्तर्गतको १०० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण प्राप्त भएको।
- कोटेश्वर इन्टरसेक्सन सुधार आयोजना कार्यान्वयनका लागि जापान सरकारबाट जापानी येन ३४ अर्ब ४९ करोड (करिब ३० अर्ब ८ करोड नेपाली रुपैयाँ) बराबरको सहुलियतपूर्ण ऋण सहायता सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको।
- एसियाली विकास बैंक र विश्व वैकको Fully Mutual Reliance Framework(FMRF) अन्तर्गत Digital Nepal Transformation Project का लागि एसियाली विकास बैंकबाट ४० मिलियन अमेरिकी डलर र विश्व बैंकबाट ५० मिलियन अमेरिकी ऋण सहायता स्वीकार गर्ने र ऋण सम्झौतामा अमेरिकी डलर सहुलियतपूर्ण ऋण सम्झौतामा हस्ताक्षर सम्पन्न भएको।
- अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाको आन्तरिक कार्यसञ्चालनमा एकरुपता ल्याउन कार्यसञ्चालन निर्देशिका (Standard Operation Procedure) तयार भएको।
- Integrated National Financial Strategy (INFF) अन्तर्गत Integrated National Financing Strategy तयार गरी प्रकाशन गरिएको।
- MCC को Additional financing अन्तर्गत ५० मिलियन अमेरिकी डलर स्वीकार गर्ने सम्वन्धमा मन्त्रिपरिषद्को मिति २०८२।६।१२ मा निर्णय भएको।

- विश्व बैंकबाट दिगो र समावेशी वित्त परियोजनाको लागि प्राप्त हुने ९५ मिलियन अमेरिकी डलर (७० मिलियन एसडिआर) सहुलियतपूर्ण ऋण स्वीकार गर्ने सम्बन्धमा मन्त्रिपरिषदबाट मिति २०८२/१२/२२ मा स्वीकृति प्राप्त भएको।
- हरित जलवायु कोषबाट करिब ३६ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता प्राप्त गर्ने गरी GLOFs परियोजनाको वित्तीय सम्झौतामा हस्ताक्षर गरिएको।
- नेपाल सरकार र युरोपेली युनियन बीच Green, Resilient Agricultural Centered Private Sector Economic Development (GRAPE-2) परियोजनाका लागि ९ मिलियन युरो अनुदान सहायता (प्राविधिक सहायता) उपलब्ध गराउने सम्बन्धमा मिति २०८२/०६/०२ मा Financing Agreement and the Technical and Administrative Provisions मा हस्ताक्षर भएको।
- मध्ये नेपालमा धानमा आधारित खेती तथा खाद्य प्रणालीको जलवायु उत्थानशील रुपान्तरण" (Climate Resilient Transformation of Rice-based Farming and Food System in Central Nepal) नामक परियोजनाका लागि विश्व वातावरण सुविधा(Global Environment Facility) बाट प्राप्त हुने ८७ लाख अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने सम्वन्धमा FAO नेपाल र नेपाल सरकारविच सम्झौता सम्पन्न भएको।
- विश्व वातावरण सुविधा कोषबाट सुदुर पश्चिम नेपालमा वन तथा पर्वतीय पारिस्थितिक प्रणाली पुनःस्थापना (REFAME)" परियोजनाका लागि प्राप्त हुने अमेरिकी डलर २२ लाख बराबरको अनुदान सहायता स्वीकार गर्ने सम्वन्धमा FAO नेपाल र नेपाल सरकारवीच सम्झौता सम्पन्न भएको।
- नेपालको आयोजनामा २४ नोभेम्बर देखि ९ डिसेम्बर २०२५ सम्म SASEC Knowledge workshop, Working Group Meeting र Senior Official Meeting(SOM) काठमाडौंमा सम्पन्न भएको।
- अन्तर्राष्ट्रिय मुद्रा कोष(IMF) को कार्यकारी बोर्डद्वारा नेपालको विस्तारित कर्जा सुविधा (Extended Credit Facility-ECF) अन्तर्गतको छैठौं समीक्षा स्वीकृत भएको।
- जलवायु वित्त परिचालन कार्यविधि, २०८२ जारी गरिएको।
- एसियाली विकास बैंक र विश्व बैंकको Joint Portfolio Review Meeting सम्पन्न भएको।
- एसियाली विकास बैंकबाट SASEC Customs and Logistics Program Sub-Program 2 कार्यक्रमका लागि प्राप्त हुने अमेरिकी डलर ५० मिलियन सहुलियतपूर्ण ऋण स्वीकार गर्ने ऋण सम्झौता सम्पन्न भएको।
- एसियाली विकास बैंकबाट Integrated Water Supply and Sewerage Management (Sector) Project कार्यक्रमका लागि प्राप्त हुने अमेरिकी डलर ११५ मिलियन सहुलियतपूर्ण ऋण स्वीकार गर्न ऋण सम्झौता सम्पन्न भएको।
- ADB President Mr. Masato Kanda को नेपाल भ्रमण व्यवस्थापन तथा नेपालको विकासमा ADB को भूमिकाको विषयमा वृहत छलफल भएको।
- एसियाली विकास बैंकको वार्षिक बैठक समरकाण्ड, उज्वेकिस्तानमा नेपालको तर्फबाट सहभागिता जनाइएको।
- निर्माणाधीन नागढुंगा सुरुङ्गमार्ग निर्माण आयोजनाका लागि जापान सरकारबाट प्राप्त जापानी येन ५ अर्ब ७० करोड (नेपाली रुपैंया करिब ५ अर्ब ३० करोड) बराबरको थप सहुलियतपूर्ण ऋण सम्झौतामा मिति २०२६/६/३ मा हस्ताक्षर सम्पन्न भएको।

- वृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजना (Greater Lumbini Area Development Project-GLAD) को लागि विश्व बैंकले प्रदान गर्ने SDR 61.6 मिलियन (८५ मिलियन अमेरिकी डलर बराबर) सहुलियतपूर्ण ऋण सम्झौतामा मिति २०२६/४/२२ मा हस्ताक्षर सम्पन्न भएको ।
- बेपत्ता पारिएको व्यक्तिको छानविन कोषमा स्वीट्जरल्याण्ड सरकारबार प्राप्त हुने CHF 1 Million सहायता सम्झौतामा हस्ताक्षर सम्पन्न भएको।
- शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको SESP कार्यक्रमका लागि युरोपियन युनियनबाट प्राप्त हुने थप EURO 8.85 Million सहायता सम्झौतामा हस्ताक्षर सम्पन्न भएको।
- नेपाल र जर्मन सरकारबीच २०२६ को जुन १६ र १७ मा काठमाण्डौंमा विकास सहायता वार्ता सम्पन्न भएको।
- अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को टोलीद्वारा मिति २० अप्रिलदेखि ६ मे २०२६ सम्म नेपालमा Governance and Corruption Diagnostic Mission सम्पन्न भएको ।
- उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) सम्झौताको आयोजना कार्यान्वयन ढाँचा संशोधन भएको।
- अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को टोलीद्वारा ECF र Article IV Consultation Mission सम्पन्न भएको।
- मध्य त्रिशुली नदी बेसिनमा चिसो पानीमा पाइने लोपोन्मुख प्रजातिका माछाको संरक्षण र माछा मार्ने समुदायहरुको दिगो जीविकोपार्जन परियोजनाको लागि विश्व वातावरण सुविधाबाट प्राप्त हुने १.२७ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने सम्झौतामा हस्ताक्षर सम्पन्न भएको।
- परम्परागत बोइलरलाई इलेक्ट्रोनिक बोइलरले प्रतिस्थापन गर्न उद्योगहरूलाई कर्जा उपलब्ध गराउने र वायु गुणस्तर मापन क्षमता बढाउने प्रयोजनका लागि विश्व बैंकबाट प्राप्त हुने सहुलियतपूर्ण ऋण तथा अनुदान गरी कुल ५७ मिलियन अमेरिकी डलरको सम्झौतामा १७ मे २०२६ मा हस्ताक्षर सम्पन्न भएको।
- नेपाल सरकार र विश्व बैंकबीच दिगो र समावेशी वित्त परियोजना (Sustainable and Inclusive Finance Project) सञ्चालनका लागि ९५ मिलियन अमेरिकी डलर (७० मिलियन SDR) सहुलियतपूर्ण ऋण स्वीकार गर्ने सम्झौतामा अप्रिल २२, २०२६ मा हस्ताक्षर सम्पन्न भएको।
- नगरपालिका राजस्व अभिवृद्धि परियोजनाको लागि प्राप्त हुने ६.१२ मिलियन स्वीस फ्रयाङ्क (करिब ७.८३ मिलियन अमेरिकी डलर) अनुदान सहायता स्वीकार गर्ने सम्बन्धी सम्झौतापत्रमा नेपाल सरकार र स्वीटजरल्याण्ड सरकार बीच जुन १२, २०२६ मा हस्ताक्षर भएको।
- नेपाल कानून सूचना पाइलट प्रणाली स्थापनाका लागि कोरिया सरकारबाट प्राप्त हुने १.८१ मिलियन अमेरिकी डलर बराबरको प्राविधिक अनुदान सहायता स्वीकार गर्ने सम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्को बैठकबाट मिति २०८३/३/३२ मा स्वीकृत भएको।
- नेपाल -चीन आर्थिक तथा व्यापार संयुक्त समितिको १२ औं बैठक २०८३/३/२३ मा सम्पन्न भएको।

## २.४ आर्थिक वर्ष २०८२/८३ को अर्थ मन्त्रालय वा अन्तर्गतको बजेट र खर्चको अवस्था

**तालिकाः १ आर्थिक वर्ष २०८२/८३ को अर्थ मन्त्रालय वा अन्तर्गतको बजेट र खर्च (रु.लाखमा)**

| आ.व २०८२/८३ | | | |
|---|---|---|---|
| **विवरण** | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** |
| चालु | **२९५४५६** | **२०२०१४** | **६०.३७** |
| पुँजीगत | **९४५१४** | **८३४९४** | **८८.३४** |
| **जम्मा** | **३८९९७०** | **२८५५०८** | **७३.२१** |

*स्रोतः बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय, २०८३*

## २.५ मन्त्रालय वा अन्तर्गत निकायको बेरूजु फछ्र्यौट तथा प्रगति अवस्था

महालेखापरीक्षकको कार्यालयको ६२ औं प्रतिवेदन सम्म रू.१खर्व २५अर्ब ६२ करोड ९१ लाख ३२ हजार बेरूजु कायम रहेकोमा रू. १९ अर्व १८ करोड २२ लाख संपरीक्षण भएर लगत कट्टा भई रू. १ खर्व ०६ अर्ब ४४ करोड ६८ लाख ७५ हजार बेरूजु बाँकी रहेको।(प्रगति प्रतिशत १५.२७)।
महालेखा परिक्षकको ६३औं प्रतिवेदनबाट थप भएको बेरुजु ३७.६३ अर्व समेत गरी कूल फछ्र्यौट गर्न बाँकी बेरुजु रु.१४४.०८ अर्व रहेको छ।

**तालिकाः २ मन्त्रालय वा अन्तर्गतको बेरूजु फछ्र्यौट तथा प्रगति (रु.लाखमा):**

| आर्थिक वर्ष २०८२/८३ असार मसान्तसम्मको बेरुजु फस्यौंट प्रगति विवरण | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **निकाय** | **६२ औं प्रतिवेदन सम्मको बेरुजु रकम** | **आ.व.२०८२/८३ मा फस्यौंट** | **फस्यौंर्ट प्रतिशत** | **बाँकी बेरुजु** |
| १ | अर्थ मन्त्रालय (निजीकरण इकाइ समेत) | १७४५४ | १०६५३ | ६१.२० | ६७७२ |
| २ | महालेखा नियन्त्रक कार्यालय | ४४७४ | ६११ | १३.६६ | ३८६३ |
| ३ | आन्तरिक राजस्व विभाग | १०२६२४८ | १६३८०० | १५.९६ | ८६२४४८ |
| ४ | भन्सार विभाग | १९४७२७ | १०४३९ | ५.३६ | १८४२८८ |
| ५ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ३ | २ | ७२ | १ |
| ६ | ऋण असुली न्यायाधिकरण | ० | ० | ० | ० |
| ७ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ८५२७ | २७२८ | ३१.९९ | ५७९९ |
| ८ | एम. सि. ए. नेपाल | ४४९० | ३५६० | ७९.२९ | ९३० |
| ९ | राजस्व अनुसन्धान विभाग | ३६८ | ० | ० | ३६८ |
| १० | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | ० | ० | ० | ० |
| १२ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार- पेफा | ० | ० | ० | ० |
| **जम्मा** | | **१२५.६२ अर्ब** | **१९.१८ अर्ब** | **१५.२७** | **१०६.४४ अर्ब** |
| **६३ औं प्रतिवेदनबाट थप भएको वेरुजु** | | | | | **३७.६३ अर्ब** |
| **फर्स्यौट गर्न बाँकी कुल वेरुजु** | | | | | **१४४.०८ अर्ब** |

*स्रोतः प्रशासन महाशाखा, अर्थ मन्त्रालय, २०८३*

## २.६ आर्थिक वर्ष २०८२ /८३ को माइलस्टोन प्रगतिको अवस्था

अर्थ मन्त्रालयलाई आर्थिक वर्ष २०८२/८३ मा जिम्मेवारी तोकिएका ६७ वटा माइलस्टोनहरु मध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आधार र कारण सहित संशोधन एवं हटाई दिन अनुरोध गरे बमोजिम १२ वटा माइलस्टोनहरु हटाई/घटाई बांकी ५५ वटा माइलस्टोनहरु रहेकोमा २४ वटा माइलस्टोनहरु सम्पन्न भएका छन्। यस आर्थिक वर्षमा २४ वटा माइलस्टोन कार्य शुरु भएर पनि सम्पन्न भएका छैनन् भने ७ वटा माइलस्टोनहरु विविध कारणबस यस आर्थिक वर्षमा शुरुनै हुन सकेन। यस आर्थिक वर्षमा शुरुनै हुन नसकेका माइलस्टोन र कार्य शुरु भएर सम्पन्न नभएको चालु अवस्थामा रहेका केही माइलस्टोनलाई पुनः माइलस्टोनमा समावेश गरिएको छ भने बाँकी लाई चालु आर्थिक वर्षभित्र सम्पन्न गर्नेगरी नियमित कार्य योजनामा समावेश गरिएको छ। कार्य शुरु नभएका माइलस्टोनका विवरण देहाय बमोजिम रहेका छन्:

- नेपाल दूरसञ्चार कम्पनीको शेयर विनिवेशका लागि नेपाल सरकार(मन्त्रिपरिषद्) मा प्रस्ताव पेस गर्ने।
- सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने अनुदानको प्रभाव/उपयोगिता मूल्याङ्कन (Impact Assessment) गर्ने।
- बजेट प्रणालीसँग SUTRA, eGP, MTEF र आयोजना बैंक प्रणालीको अन्तरआबद्धता सम्बन्धमा अध्ययन प्रतिवेदन तयार गर्ने।
- सम्पत्ती व्यवस्थापन सम्बन्धी विधेयकको मस्यौदा नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गर्ने।
- लिज फाइनान्स् सम्बन्धि विधेयकको मस्यौदा नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गर्ने।
- संघ प्रदेश तथा स्थानीय तहमा बजेट अनुशासन कायम गर्ने सम्बन्धि विधेयकको मस्यौदा नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गर्ने।
- दोस्रो बजार कारोबार बापत लाग्ने शुल्क परिमार्जन गर्ने।

तालिकाः ३ आ.व. २०८२/८३ मा माइलस्टोनको प्रगति

| निकाय | शुरु माईलस्टोन संख्या | संशोधन गरी हटाएको माईलस्टोन संख्या | जम्मा माईलस्टोन संख्या | सम्पन्न माईलसटोन संख्या | आ.व. २०८२./३ मा शुरु नभएको माईलस्टोन संख्या | चालु अवस्थामा रहेका माईलस्टोन संख्या | माईलस्टोनको प्रगति % |
|---|---|---|---|---|---|---|---|
| अर्थ मन्त्रालय | ३३ | - | ३३ | १४ | ७ | १२ | ४२.४ |
| आन्तरिक राजश्व विभाग | ३ | - | ३ | १ | ० | २ | ३३.३ |
| भन्सार विभाग | २ | - | २ | २ | ० | ० | १०० |
| राजश्व अनुसन्धान विभाग | १२ | -९ | ३ | ० | ० | ३ | ०.० |
| सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ८ | -३ | ५ | २ | ३ | ० | ४० |
| सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | २ | - | २ | १ | ० | १ | ५० |
| सार्वजनिक वित्त व्यवस्थापन तथा तालीम केन्द्र | १ | - | १ | १ | ० | ० | १०० |
| एमसिए नेपाल | ४ | - | ४ | १ | ० | ३ | २५ |
| साना किसान बैंक लिमिटेड | २ | - | २ | २ | ० | ० | १०० |
| जम्मा | ६७ | -१२ | ५५ | २४ | १० | २१ | ४३.६ |

## ३. अर्थ मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादन भएका मुख्य मुख्य क्रियाकलाप सूचक र उपलब्धिको तुलनात्मक अवस्था

### ३.१ नेपाल सरकारको बजेट खर्चको यथार्थ अवस्थाः

राज्यका निर्देशक सिद्धान्त र नीतिले निर्दिष्ट गरे बमोजिम नीति, कार्यक्रम र आयोजनाहरू समावेश गरी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गरिएको छ। उक्त आर्थिक वर्षका लागि रु.१९ खर्ब ६४ अर्ब ११ करोड बजेट प्रस्ताव गरिएकोमा चालु खर्चतर्फ रु.११ खर्ब ८० अर्ब ९८ करोड अर्थात ६०.१२ प्रतिशत, पुँजिगत खर्चतर्फ रु. ४ खर्ब ७ अर्ब ८९ करोड अर्थात् २०.७६ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु.३ खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९.१० प्रतिशत विनियोजन भएको थियो।

तालिकाः ४ आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ मा सङ्घीय सरकारको विनियोजित बजेट र खर्च (रु.करोडमा)

| शीर्षक | २०८२/८३ असार मसान्तसम्म | | | २०८१/८२ असार मसान्तसम्म | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | |
| चालु | ११८,०९८ | १०४,३३३ | ८८.३४ | ११४०६६ | ९५,६५९ | ८३.८६ | **९.०७** |
| पुँजीगत | ४०७८९ | १९०८७ | ४६.७९ | ३५२३५ | २२,३९८ | ६३.५७ | **-१५** |
| वित्तीय व्यवस्था | ३७५२४ | ३४७३३ | ९२.५६ | ३६७२८ | ३३,२६८ | ९०.५८ | **४.४** |
| **जम्मा** | १९६४११ | १५८१५२ | ८०.५२ | १८६०३० | १५१,३२५ | ८१.३४ | **४.५१** |

स्रोतः बजेट तथा कार्यक्रम महाशाखा

## ३.२ मुलुकको राजस्व परिचालनको समग्र अवस्थाः

आर्थिक वर्ष २०८२/८३ मा कर राजस्व रु.११ खर्ब २१ अर्ब ०८ करोड २१ लाख, गैरकर राजस्व तर्फ रु.१ खर्ब २० अर्ब २३ करोड ६५ लाख र अन्य प्राप्ती ८ अर्ब ७ करोड ९ लाख गरी जम्मा रु.१२ खर्ब ४९ अर्ब ३८ करोड ९५ लाख राजस्व सङ्कलन भएको छ।यस अवधिको राजस्व परिचालन लक्ष्य रु.१४ खर्ब ८० अर्बको तुलनामा ८४.४२ प्रतिशत राजस्व सङ्कलन भएको छ।राजस्व संकलन गत आ.व. को तुलनामा ४.४५ प्रतिशतले वृद्धि भएको छ।

**तालिकाः ५ राजस्व सङ्कलनको विवरण, प्रगति र वृद्धिदर (रकम रु. लाखमा)**

आ.व. २०८२।८३ असारसम्मको राजस्व संकलन विवरण (रकम रु. लाखमा)

| सि.नं. | कर शीर्षक | आ.व.२०८२/८३ वार्षिक लक्ष्य | आ.व.२०८१/८२ | | | आ.व.२०८२/८३ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | असारसम्मको लक्ष्य | असारसम्मको असुली | वृद्धिदर | असारसम्मको लक्ष्य | असारसम्मको असुली | वार्षिक लक्ष्यको तुलनामा असुली % | अघिल्लो वर्षको तुलनामा वृद्धिदर (%) |
| १ | भन्सार महसुल | ३,०५५,७०५ | ३,०७३,६२३ | २,३०९,०५९ | १४.८७ | ३,०५५,७०५ | २,४०७,५८७ | ७८.७९ | ४.२७ |
| २ | मूल्य अभिवृद्धि कर | ३,९४५,९५२ | ३,८६५,२०० | ३,४१९,३२५ | १०.१४ | ३,९४५,९५२ | ३,७३७,९०२ | ९४.७३ | ९.३२ |
| ३ | अन्तःशुल्क | २,१३१,५७७ | १,९४९,६१६ | १,७५१,६४७ | १९.६९ | २,१३१,५७७ | १,९१६,६५१ | ८९.९२ | ९.४२ |
| ४ | शिक्षा सेवा शुल्क र अन्य | ५२,३१३ | ४६,५७६ | ४०,५९० | २४.३६ | ५२,३१३ | ६२,८५७ | १२०.१६ | ५४.८६ |
| ५ | आयकर | ४,०७०,२९२ | ३,९०७,०८१ | २,९७८,१३३ | ५.०६ | ४,०७०,२९२ | ३,०८५,८२५ | ७५.८१ | ३.६२ |
| | कर राजस्व जम्मा | १३,२५५,८३९ | १२,८४२,०९६ | १०,४९८,७५४ | ११.१५ | १३,२५५,८३९ | ११,२१०,८२१ | ८४.५७ | ६.७८ |
| ६ | अन्य राजस्व (गैरकर) जम्मा | १,५४४,१६१ | १,३५०,९३४ | १,२८९,४४८ | १२.७७ | १,५४४,१६१ | १,२०२,३६५ | ७७.८७ | (६.७५) |
| | **कुल राजस्व** | **१४,८००,०००** | **१४,१९३,०३०** | **११,७८८,२०१** | ११.३३ | **१४,८००,०००** | **१२,४१३,१८५** | ८३.८७ | ५.३० |
| ७ | विविध प्राप्ति | - | - | १७३,६९६ | - | - | ८०,७०९ | | |
| | **जम्मा राजस्व /प्राप्ति** | **१४,८००,०००** | **१४,१९३,०३०** | **११,९६१,८९८** | १०.४८ | **१४,८००,०००** | **१२,४९३,८९५** | ८४.४२ | ४.४५ |

*स्रोतः राजस्व व्यवस्थापन सूचना प्रणाली, महालेखा नियन्त्रक कार्यालय, २०८२*

विभागगत राजस्व असुली विवरणः

| सि.नं. | कर शीर्षक (विभागगत) | आ.व.२०८२/८३ वार्षिक लक्ष्य | आ.व.२०८१/८२ | | | आ.व.२०८२/८३ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | असारसम्मको लक्ष्य | असारसम्मको असुली | वृद्धिदर | असारसम्मको लक्ष्य | असारसम्मको असुली | वार्षिक लक्ष्यको तुलनामा असुली % | अघिल्लो वर्षको तुलनामा वृद्धिदर (%) |
| १ | भन्सार विभाग | ५,८८२,५३३ | ५,८२६,७१५ | ४,७२४,११० | १२.८८ | ५,८८२,५३३ | ५,११०,३८५ | ८६.८७ | ८.१८ |
| २ | आन्तरिक राजस्व विभाग | ७,३७३,३०६ | ७,०१५,३८१ | ५,७७४,६४४ | ९.७८ | ७,३७३,३०६ | ६,१००,४३६ | ८२.७४ | ५.६४ |
| ३ | अन्य राजस्व (गैरकर) जम्मा | १,५४४,१६१ | १,३५०,९३४ | १,२८९,४४८ | १२.७७ | १,५४४,१६१ | १,२०२,३६५ | ७७.८७ | (६.७५) |
| | **जम्मा** | **१४,८००,०००** | **१४,१९३,०३०** | **११,७८८,२०१** | ११.३३ | **१४,८००,०००** | **१२,४१३,१८५** | ८३.८७ | ५.३० |

*स्रोतः राजस्व व्यवस्थापन महाशाखा, २०८३*

# ४. आर्थिक वर्ष २०८२/८३ मा मुलुकको समग्र आर्थिक परिसूचक

## ४.१ आर्थिक वृद्धि

- आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो वृद्धिदर ४.४३ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८२/८३ मा नेपालको अर्थतन्त्रको आकार रु.६६ खर्ब हाराहारी पुगेको अनुमान छ।
- क्षेत्रगत रूपमा आर्थिक वर्ष २०८२/८३ मा कृषि क्षेत्रको वृद्धिदर १.५८ प्रतिशत, उद्योग क्षेत्रको ५.६७ प्रतिशत र सेवा क्षेत्रको ४.२१ प्रतिशत रहेको अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहेको छ।
- आर्थिक वर्ष २०८२/८३ मा कुल स्थिर पुँजी निर्माण र कुल राष्ट्रिय बचतको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २६.२६ प्रतिशत र ४४.७७ प्रतिशत रहेको छ।

### तालिका ४.१ः मुलुकको समग्र आर्थिक स्थिति

| विवरण | ईकाइ | आर्थिक वर्ष | | | वृद्धिदर प्रतिशतमा | |
|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३* |
| अर्थतन्त्रको आकार | रु.अर्बमा | ५७६०.२३ | ६१९९.८७ | ६६००.१० | ७.६३ | ६.४६ |
| आर्थिक वृद्धिदर | प्रतिशतमा | ३.६८ | ४.४३ | ३.८५ | पछिल्लो दशकको औसत आर्थिक वृद्धि ४.५३ प्रतिशत रहेको | |
| कृषि क्षेत्र | प्रतिशतमा | ३.१० | ३.०५ | १.५८ | | |
| उद्योग क्षेत्र | प्रतिशतमा | ०.२१ | ३.३१ | ५.६७ | | |
| सेवा क्षेत्र | प्रतिशतमा | ४.४९ | ४.३६ | ४.२१ | | |
| कुल गार्हस्थ्य उत्पादनमा अंश | प्रतिशतमा | १००.०० | १००.०० | १००.०० | पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.९८ प्रतिशत, १४.१४ प्रतिशत र ६०.८८ प्रतिशत रहेको | |
| कृषि क्षेत्र | प्रतिशतमा | २४.४६ | २४.५० | २४.०३ | | |
| उद्योग क्षेत्र | प्रतिशतमा | १३.६० | १३.७० | १४.१६ | | |
| सेवा क्षेत्र | प्रतिशतमा | ६१.९४ | ६१.८० | ६१.८१ | | |
| कुल पुंजी निर्माण (कुल लगानी) | रु.अर्बमा | १६४७.५० | १८२२.९९ | २१०७.९० | १०.७ | १५.६ |
| कुल स्थिर पुंजी निर्माण (कुल स्थिर लगानी) | रु.अर्बमा | १४११.८६ | १४६१.४४ | १७३३.२३ | ३.५ | १८.६ |
| सरकारी | रु.अर्बमा | ४४७.८० | ४९६.६० | ३३०.५३ | १०.९ | -३३.४ |
| सार्वजनिक संस्थान | रु.अर्बमा | ११३.९६ | १२१.९७ | १२९.५९ | ७.० | ६.३ |
| निजी क्षेत्र | रु.अर्बमा | ८५०.११ | ८४२.८७ | १२७३.१० | -०.९ | ५१.० |
| कुल गार्हस्थ्य बचत | रु.अर्बमा | ३८५.१६ | ४२७.१६ | ६४०.६९ | १०.९ | ५०.० |
| कुल राष्ट्रिय बचत | रु.अर्बमा | २०५०.४७ | २३७९.९२ | २९५४.६८ | १६.१ | २४.२ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलरमा | १४८० | १५३५ | १५३५ | ३.७ | ०.० |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय; नेपाल राष्ट्र बैंक, २०८३*

- चालु आर्थिक वर्ष २०८३/८४ को बजेटले ७.० प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने र उपभोक्ता मुद्रास्फीतिलाई ६.० प्रतिशत भित्र राख्ने लक्ष्य लिएको छ।

## ४.२ खर्च, राजस्व, आय र कराधार विस्तार

- संघीय सरकारी खर्च आर्थिक वर्ष २०८१/८२ मा ८.६० प्रतिशतले वृद्धि भई रु.१५१३ अर्ब २५ करोड पुगेकोमा आर्थिक वर्ष २०८२/८३ मा यस्तो खर्च ४.५५ प्रतिशतले वृद्धि भई रु.१५८२ अर्ब १७ करोड पुगेको छ।

- पुँजीगत खर्च आर्थिक वर्ष २०८१/८२ मा १६.६४ प्रतिशतले वृद्धि भई रु.२२३ अर्ब ९८ करोड पुगेकोमा आर्थिक वर्ष २०८२/८३ मा १४.७९ प्रतिशतले संकुचन भई रु.१९० अर्ब ८४ करोडमा सीमित भएको छ। कुल खर्चमा पुँजीगत खर्चको अंश करिब १२.० प्रतिशत रहेको छ।

तालिका ४.२: खर्च, राजस्व र आयको स्थिति

| विवरण | आर्थिक वर्ष | | | वृद्धिदर प्रतिशतमा | |
|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| रकम रु.अर्बमा | | | | | |
| संघीय सरकारी खर्च | १३९३.४० | १५१३.२५ | १५८२.१७ | ८.६० | ४.५५ |
| चालु खर्च | ९२९.१३ | ९५६.५९ | १०४४.०० | २.९६ | ९.१४ |
| पुँजीगत खर्च | १९२.०३ | २२३.९८ | १९०.८४ | १६.६४ | -१४.७९ |
| वित्तीय व्यवस्था | २७२.२५ | ३३२.६८ | ३४७.३३ | २२.२० | ४.४० |
| कुल राजस्व | १०५८.९० | ११७९.८२ | १२४१.३२ | ११.४२ | ५.२१ |
| कर राजस्व | ९४४.५७ | १०४९.९२ | ११२१.०८ | ११.१५ | ६.७८ |
| गैरकर राजस्व | ११४.३३ | १२९.९० | १२०.२४ | १३.६२ | -७.४४ |
| संघीय राजस्व | ९२९.०५ | १०३२.३९ | १०८६.५३ | ११.१२ | ५.२४ |
| अन्य प्राप्ति | २३.८५ | १७.३८ | ८.०७ | -२७.१२ | -५३.५७ |
| वैदेशिक अनुदान | २४.०१ | २९.६५ | ३१.२६ | २३.५० | ५.४४ |
| आन्तरिक ऋण लगानी फिर्ता | ७.२६ | २.६३ | ०.९७ | -६३.७२ | -६३.०५ |
| संघीय आय | ९८४.१७ | १०८२.०७ | ११२६.८४ | ९.९५ | ४.१४ |
| संघीय सरकारको वित्त सन्तुलन | -१४४.२४ | -१०१.१४ | -१०८.९७ | -२९.८८ | ७.७५ |
| संघीय सरकारको प्राथमिक सन्तुलन | -६२.१४ | -३०.६९ | -३५.१५ | -५०.६२ | १४.५५ |
| संघीय सरकारको राजस्व सन्तुलन | -०.०८ | ७५.८१ | ४२.५३ | - | -४३.८९ |
| कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा | | | | | |
| संघीय सरकारी खर्च | २४.१९ | २४.४१ | २३.९७ | - | - |
| कुल राजस्व | १८.३८ | १९.०३ | १८.८१ | - | - |
| संघीय राजस्व | १६.१३ | १६.६५ | १६.४६ | - | - |
| संघीय आय | १७.०९ | १७.४५ | १७.०७ | - | - |
| संघीय सरकारको वित्त सन्तुलन | -२.५० | -१.६३ | -१.६५ | - | - |
| संघीय सरकारको प्राथमिक सन्तुलन | -१.०८ | -०.४९ | -०.५३ | - | - |
| संघीय सरकारको राजस्व सन्तुलन | ०.०० | १.२२ | ०.६४ | - | - |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८३*

- कुल राजस्व आर्थिक वर्ष २०८१/८२ मा ११.४२ प्रतिशतले वृद्धि भई रु.११७९ अर्ब ८२ करोड पुगेकोमा आर्थिक वर्ष २०८२/८३ मा ५.२१ प्रतिशतले वृद्धि भई रु.१२४१ अर्ब ३२ करोड पुगेको छ।

- संघीय राजस्व आर्थिक वर्ष २०८२/८३ मा ५.२४ प्रतिशतले वृद्धि भई रु.१०८६ अर्ब ५३ करोड पुगेको छ। वैदेशिक अनुदान अघिल्लो वर्षको २३.५० प्रतिशतको उच्च वृद्धिको तुलनामा ५.४४ प्रतिशतले बढेर रु.३१ अर्ब २६ करोड पुगेको छ।
- संघीय आय आर्थिक वर्ष २०८१/८२ मा ९.९५ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०८२/८३ मा ४.१४ प्रतिशतले वृद्धि भई रु.११२६ अर्ब ८४ करोड पुगेको छ। संघीय सरकारको वित्त सन्तुलन (घाटा) आर्थिक वर्ष २०८२/८३ मा ७.७५ प्रतिशतले बढेर रु.१०८ अर्ब ९७ करोड पुग्ने अनुमान छ।
- ब्याज भुक्तानीबाहेकको प्राथमिक सन्तुलन आर्थिक वर्ष २०८१/८२ मा रु.३० अर्ब ६९ करोडले घाटामा रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा रु.३५ अर्ब १५ करोडले घाटामा रहेको छ। त्यसैगरी राजस्व सन्तुलन आर्थिक वर्ष २०८१/८२ मा रु.७५ अर्ब ८१ करोड बचतमा रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा यस्तो बचत रु.४२ अर्ब ५३ करोड रहेको छ।
- २०८२ असार मसान्तमा ६९ लाख ९९ हजार माथि रहेको स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या २०८३ असार मसान्तमा ७९ लाख ११ हजार नाघेको छ। यसमध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ७२.०१ प्रतिशत, व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाता २७.४९ प्रतिशत र करकट्टी गर्ने निकायले लिएको लेखा नम्बर ०.५० प्रतिशत रहेको छ।
- २०८३ असार मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या ३ लाख ७८ हजार र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख ३२ हजार माथि रहेको छ।

**तालिकाः ४ः२ः१कराधार विस्तारको स्थिति**

| क.सं. | दर्ताको प्रकार | आ.व.२०८१/८२ अषाढ मसान्तसम्म (Only Active) | आ.व. २०८२/८३ को साउन देखि असार मसान्तसम्मको थप | जम्मा करदाता संख्या |
|---|---|---|---|---|
| १ | Business PAN | २०,६०७५८ | ११४३३४ | २१७४९९२ |
| २ | Personal PAN | ४९०२७२२ | ७९३९८६ | ५६९६७०८ |
| ३ | W-PAN | ३५,८७० | ३२९४ | ३९१६४ |
| **जम्मा दर्ता** | | **६९९९३५०** | **९११६१४** | **७९१०८६४** |
| ३ | मू.अ.कर | ३,५१७३५ | २६५३३ | ३७८२६८ |
| ४ | अन्तःशुल्क | १,२४९९७ | ७६७५ | १३२६७२ |

*स्रोतः राजस्व व्यवस्थापन महाशाखा/आन्तरिक राजस्व विभाग,२०८३*

## ४.३ सार्वजनिक ऋण

- आर्थिक वर्ष २०८२/८३ को सुरुमा रु.२६ खर्ब ७४ अर्ब ४ करोड रहेको कुल सार्वजनिक ऋण विनिमय दरमा भएको नोक्सानी समेत रु.३ खर्ब ८५ करोडले वृद्धि भई २०८३ असार मसान्तमा रु.२९ खर्ब ७४ अर्ब ९० करोड पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ४५.०७ प्रतिशत हुन आउँछ। कुल ऋणमध्ये बाह्य ऋणको हिस्सा ५३.७७ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४६.२३ प्रतिशत रहेको छ।

**तालिकाः ४.३: सार्वजनिक ऋण र विकास सहायता प्रतिबद्धता**

| शीर्षक | आर्थिक वर्ष | | | वृद्धिदर (प्रतिशतमा) | |
|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| **रकम रु.अर्बमा** | | | | | |
| कुल तिर्न बाँकी सार्वजनिक ऋण | २४३८.५ | २६७४.० | २९७४.९ | ९.६६ | ११.२५ |
| बाह्य ऋण | १२५७.६ | १४०५.८ | १५९९.५ | ११.७९ | १३.७८ |
| आन्तरिक ऋण | ११८०.९ | १२६८.२ | १३७५.४ | ७.३९ | ८.४५ |
| सार्वजनिक ऋण परिचालन | ३६४.५ | ४५९.० | ४४७.२ | २५.९४ | -२.५९ |
| बाह्य ऋण परिचालन | १३०.१ | १३०.० | ८८.५ | -०.०९ | -३१.९० |
| आन्तरिक ऋण परिचालन | २३४.४ | ३२९.१ | ३५८.७ | ४०.३८ | ८.९९ |
| सावाँ भुक्तानी | २२३.३ | २९१.२ | ३१२.४ | ३०.४२ | ७.२८ |
| बाह्य ऋण | ४०.७ | ४७.३ | ६१.८ | १६.१२ | ३०.७८ |
| आन्तरिक ऋण | १८२.६ | २४३.९ | २५०.६ | ३३.६१ | २.७३ |
| ब्याज भुक्तानी | ८२.१ | ७०.४ | ७३.८ | -१४.१९ | ४.७९ |
| बाह्य ऋण | ९.३ | १०.२ | १२.५ | ९.७८ | २२.४३ |
| आन्तरिक ऋण | ७२.८ | ६०.३ | ६१.४ | -१७.२४ | १.८३ |
| ऋण सेवा खर्च | ३०५.४ | ३६१.६ | ३८६.२ | १८.४३ | ६.८० |
| बाह्य ऋण | ५०.० | ५७.५ | ३१२.४ | १४.९४ | ४४३.७३ |
| आन्तरिक ऋण | २५५.४ | ३०४.२ | ७३.८ | १९.११ | -७५.७३ |
| कुल वैदेशिक सहायता प्रतिबद्धता | १२७.९ | २७३.० | १६१.५ | ११३.५० | -४०.८७ |
| ऋण | ८४.९ | २१५.५ | १२४.३३ | १५३.८४ | -४२.३२ |
| अनुदान | ४३.० | ५७.५ | १२४.३ | ३३.७९ | ११६.२१ |
| **केही अनुपातहरु** | | | | | |
| ऋण सेवा खर्च (कुल संघीय राजस्वको प्रतिशतमा) | ३२.८७ | ३५.०३ | ३५.५५ | | |
| ऋण सेवा खर्च (कुल संघीय खर्चको प्रतिशतमा) | २१.९२ | २३.९० | २५.५२ | | |
| **कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा** | | | | | |
| कुल तिर्न बाँकी सार्वजनिक ऋण | ४२.३ | ४३.१ | ४५.१ | | |
| बाह्य ऋण | २१.८ | २२.६ | २४.२ | | |
| आन्तरिक ऋण | २०.५ | २०.५ | २०.९ | | |
| सार्वजनिक ऋण परिचालन | ६.३ | ७.४ | ६.८ | | |
| बाह्य ऋण परिचालन | २.३ | २.१ | १.३ | | |
| आन्तरिक ऋण परिचालन | ४.१ | ५.३ | ५.४ | | |
| ऋण सेवा खर्च | ५.३ | ५.८ | ५.९ | | |

*स्रोत : अर्थ मन्त्रालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८३; साँवा भुक्तानीमा प्रमिसरी नोट फिर्ता समावेश छैन।*

आर्थिक वर्ष २०८२/८३ मा आन्तरिक ऋण रु.३ खर्ब ५८ अर्ब ६७ करोड (लक्ष्यको ९९.०८ प्रतिशत) र बाह्य ऋण रु.८८ अर्ब ५० करोड (लक्ष्यको ३७.८८ प्रतिशत) गरी जम्मा रु.४ खर्ब ४७ अर्ब १७ करोड (लक्ष्यको ७५.०७ प्रतिशत) ऋण परिचालन भएको छ। विदेशी विनिमय नोक्सानीसमेतका कारण खुद ऋण परिचालन रु.१ खर्ब ३३ अर्ब ८५ करोड रहेको छ।

आर्थिक वर्ष २०८२/८३ मा ऋण सेवा खर्चतर्फ रु.४ खर्ब ११ अर्ब १ करोड विनियोजन भएकोमा साँवा रु.३ खर्ब १२ अर्ब ४० करोड र ब्याज रु.७३ अर्ब ८२ करोड गरी जम्मा रु.३ खर्ब ८६ अर्ब २३ करोड (विनियोजनको ९३.९७ प्रतिशत) भुक्तानी भएको छ। कुल ऋण सेवा खर्च कुल गार्हस्थ्य उत्पादनको ५.८५ प्रतिशत रहेको छ।

## ४.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

- आर्थिक वर्ष २०८२/८३ मा अनुदान रु.३७ अर्ब १३ करोड (२३.० प्रतिशत) र सहुलियतपूर्ण ऋण रु.१ खर्ब २४ अर्ब ३३ करोड (७७.० प्रतिशत) गरी जम्मा रु.१ खर्ब ६१ अर्ब ४६ करोड बराबरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्ष यस्तो प्रतिबद्धता रु.२ खर्ब ७३ अर्ब रहेको थियो।

- प्रतिबद्धतामध्ये क्षेत्रगत रूपमा सडक तथा भौतिक पूर्वाधारमा सबैभन्दा बढी २४.६ प्रतिशत, सार्वजनिक वित्त व्यवस्थापनमा १९.२ प्रतिशत, खानेपानी तथा सरसफाइमा १०.८ प्रतिशत, जलवायु परिवर्तन तथा वातावरणमा १०.० प्रतिशत, ऊर्जामा ८.८ प्रतिशत र डिजिटल रूपान्तरणमा ८.२ प्रतिशत रहेको छ भने सहरी विकास, व्यापार सहजीकरण, शिक्षा—स्वास्थ्यलगायतका क्षेत्रमा बाँकी प्रतिबद्धता केन्द्रित छ।

- विकास साझेदारका रुपमा हेर्दा रूपमा कुल प्रतिबद्धताको ६३.६ प्रतिशत बहुपक्षीय र ३६.४ प्रतिशत द्विपक्षीय स्रोतबाट प्राप्त भएको छ। एसियाली विकास बैंक (२८.२ प्रतिशत), विश्व बैंक (२७.२ प्रतिशत) र जापान/जाइका (२४.६ प्रतिशत) प्रमुख साझेदारका रूपमा रहेका छन् भने अमेरिका (एमसीसी), जर्मनी, युरोपेली सङ्घ, स्विट्जरल्यान्ड, कोरिया, भारत र चीनसँग समेत सहायता सम्झौता सम्पन्न भएका छन्।

## ४.५ मौद्रिक स्थिति

- वार्षिक विन्दुगत आधारमा २०८३ असार महिनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १३.९ प्रतिशतले वृद्धि भई रु.८२ खर्ब ७६ अर्ब ९३ करोड पुगेको छ भने निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा ६.५ प्रतिशतले वृद्धि भई रु.५८ खर्ब ५७ अर्ब ६ करोड पुगेको छ।

**तालिकाः ४.४: विगत पाँच आर्थिक वर्षको भारित औसत ब्याजदर (असार मसान्त-प्रतिशतमा)**

| विवरण/आर्थिक वर्ष | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| ९१-दिने ट्रेजरी बिल | १०.६६ | ६.३५ | ३.०० | २.९५ | २.३२ |
| अन्तरबैंक दर | ६.९९ | २.९८ | २.९९ | २.९६ | २.७५ |
| **औसत आधार दर** | | | | | |
| वाणिज्य बैंक | ९.५४ | १०.०३ | ८.०० | ६.०२ | ४.८३ |
| विकास बैंक | — | १२.१५ | ९.७१ | ८.०३ | ६.५८ |
| वित्त कम्पनी | — | १३.४१ | ११.२१ | ८.९७ | ७.०९ |
| **निक्षेपको भारित औसत ब्याजदर** | | | | | |
| वाणिज्य बैंक | ७.४१ | ७.८६ | ५.७७ | ४.१९ | ३.२१ |
| विकास बैंक | — | ९.१४ | ६.६३ | ४.८८ | ३.५६ |
| वित्त कम्पनी | — | ९.७९ | ७.९३ | ६.०१ | ४.३१ |
| **कर्जाको भारित औसत ब्याजदर** | | | | | |
| वाणिज्य बैंक | ११.६२ | १२.३० | ९.९३ | ७.८५ | ६.५५ |
| विकास बैंक | — | १४.१० | ११.३४ | ८.९५ | ७.७० |
| वित्त कम्पनी | — | १४.८२ | १२.५५ | १०.२२ | ८.५५ |

*स्रोत : नेपाल राष्ट्र बैंक, २०८३*

- ब्याजदर क्रमशः कम हुँदै गएको छ। २०८३ असार मसान्तमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २.३२ प्रतिशत, औसत अन्तरबैंक ब्याजदर २.७५ प्रतिशत, वाणिज्य बैंकको औसत आधार दर ४.८३ प्रतिशत, निक्षेपको भारित औसत ब्याजदर ३.२१ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ६.५५ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा वाणिज्य बैंकको निक्षेप र कर्जाको भारित औसत ब्याजदर क्रमशः ४.१९ प्रतिशत र ७.८५ प्रतिशत रहेको थियो।

- २०८३ असार मसान्तमा २० वाणिज्य बैंक, १७ विकास बैंक, १६ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी जम्मा १०५ बैंक तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन् भने शाखा सङ्ख्या ११,३३२ रहेको छ। निक्षेप खाताको सङ्ख्या ६ करोड ३४ लाख र कर्जा खाताको सङ्ख्या २० लाख ३१ हजार पुगेको छ। बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा अनुपात ५.६६ प्रतिशत रहेको छ।

### तालिकाः ४.५ मुलुकको मौद्रिक तथा बैंकिङ क्षेत्र

| विवरण | इकाई | आर्थिक वर्ष | | वृद्धिदर |
|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | (प्रतिशतमा) |
| बैंक तथा वित्तीय संस्था | सङ्ख्यामा | १०७ | १०५ | — |
| बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल | सङ्ख्यामा | ११,५२६ | ११,३३२ | -१.७ |
| कुल निक्षेप | रु.अर्बमा | ७२६३.८७ | ८२७६.९३ | १३.९ |
| कुल कर्जा | रु.अर्बमा | ५५९२.०७ | ५९५४.६२ | ६.५ |
| निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा | रु.अर्बमा | ५४९७.७० | ५८५७.०६ | ६.५ |
| विस्तृत मुद्राप्रदाय | रु.अर्बमा | ७८४५.६१ | ८८९७.२० | १३.४ |
| सङ्कुचित मुद्राप्रदाय | रु.अर्बमा | ११५७.१९ | १३६३.८१ | १७.९ |
| निष्क्रिय कर्जा | कुल कर्जाको प्रतिशतमा | ४.६२ | ५.६६ | १.०४ विन्दु |
| भारित औसत ब्याजदर (वाणिज्य बैंक) | | | | |
| आधार दर | प्रतिशतमा | ६.०२ | ४.८३ | -१.१९ विन्दु |
| निक्षेपतर्फ | प्रतिशतमा | ४.१९ | ३.२१ | -०.९८ विन्दु |
| कर्जातर्फ | प्रतिशतमा | ७.८५ | ६.५५ | -१.३० विन्दु |
| ९१-दिने ट्रेजरी बिल | प्रतिशतमा | २.९५ | २.३२ | -०.६३ विन्दु |
| औसत अन्तरबैंक ब्याजदर | प्रतिशतमा | २.९२ | २.७५ | -०.१७ विन्दु |

*स्रोत : नेपाल राष्ट्र बैंक, २०८३*

- आर्थिक वर्ष २०८२/८३ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति मौद्रिक नीतिको वाञ्छित सीमाभित्रै रहेको छ। वार्षिक विन्दुगत आधारमा २०८३ असार महिनामा उपभोक्ता मुद्रास्फीति ५.१४ प्रतिशत रहेको छ। २०८२ असार महिनामा यस्तो मुद्रास्फीति २.२० प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८२/८३ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.०८ प्रतिशत रहेको छ, जुन अघिल्लो आर्थिक वर्षको ४.०६ प्रतिशतको तुलनामा कम हो। यस अवधिमा औसत तलब तथा ज्यालादर सूचकाङ्कको वृद्धिदर २.९४ विन्दु रहेको छ।

### तालिकाः ४.६: समग्र मूल्य स्थिति (प्रतिशतमा)

| विवरण | आर्थिक वर्ष | | कैफियत |
|---|---|---|---|
| | २०८१/८२ | २०८२/८३ | |
| उपभोक्ता मुद्रास्फीति (असार महिनाको) | २.२० | ५.१४ | २.९४ प्रतिशत विन्दुले बढेको |
| खाद्य तथा पेय पदार्थ | -१.१९ | ५.२५ | ६.४४ प्रतिशत विन्दुले बढेको |
| गैरखाद्य तथा सेवा क्षेत्र | ४.१२ | ५.०८ | ०.९६ प्रतिशत विन्दुले बढेको |
| औसत उपभोक्ता मुद्रास्फीति (१२ महिनाको) | ४.०६ | ३.०८ | -०.९८ प्रतिशत विन्दुले घटेको |
| थोक मुद्रास्फीति (असार महिनाको) | १.०५ | ६.६७ | ५.६२ प्रतिशत विन्दुले बढेको |
| औसत थोक मुद्रास्फीति (१२ महिनाको) | ३.८४ | ४.२७ | ०.४३ प्रतिशत विन्दुले बढेको |
| तलब तथा ज्यालादर सूचकाङ्कको वृद्धिदर (असार महिनाको) | २.६३ | ६.७० | ४.०७ प्रतिशत विन्दुले बढेको |
| औसत तलब तथा ज्यालादर सूचकाङ्कको वृद्धिदर (१२ महिनाको) | २.८५ | ५.७९ | २.९४ प्रतिशत विन्दुले बढेको |

*स्रोत : नेपाल राष्ट्र बैंक, २०८३*

## ४.६ मुद्राप्रदाय

- आर्थिक वर्ष २०८२/८३ मा देशको मौद्रिक स्थितिमा उल्लेख्य परिवर्तन देखिएको छ। समीक्षा वर्षमा विस्तृत मुद्राप्रदाय १३.४ प्रतिशतले वृद्धि भएको छ, जुन अघिल्लो आर्थिक वर्षको १२.५ प्रतिशतको वृद्धिको तुलनामा ०.९ प्रतिशत बिन्दुले बढी हो। बजारमा अधिक तरलताको स्थिति सिर्जना भएपछि नेपाल राष्ट्र बैंकले खुला बजार कारोबार र आफ्ना ऋणपत्रहरूमार्फत तरलता प्रशोचन गरेकाले सञ्चित मुद्राको वृद्धिदर भने ५.६ प्रतिशतमा सीमित भएको छ। उक्त आर्थिक वर्षमा खुद वैदेशिक सम्पत्ति ३८.५ प्रतिशतको उच्च दरले वृद्धि भई वैदेशिक क्षेत्र तथा शोधनान्तर स्थिति बलियो रहेको छ।

## ४.७ बीमा

- बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादी, लघुम्यादी र वैदेशिक रोजगार जीवन बीमालेखसहित) आर्थिक वर्ष २०८२/८३ मा ५२.०४ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो जनसङ्ख्या ४८.३३ प्रतिशत रहेको थियो।

- आर्थिक वर्ष २०८२/८३ मा कुल जारी जीवन बीमालेख सङ्ख्या १२.८६ प्रतिशतले बढेर ७९ लाख ५३ हजार र निर्जीवन बीमालेख सङ्ख्या ६.८७ प्रतिशतले बढेर ३४ लाख ६७ हजार पुगेको छ। कुल सक्रिय जीवन बीमालेख सङ्ख्या ७.४३ प्रतिशतले वृद्धि भई १ करोड ६७ लाख ९२ हजार पुगेको छ।

- आर्थिक वर्ष २०८२/८३ मा बीमा शुल्क सङ्कलन १२.९१ प्रतिशतले बढेर रु.२ खर्ब ५६ अर्ब ५२ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो सङ्कलन रु.२ खर्ब २७ अर्ब १९ करोड रहेको थियो।

## ४.८ पुँजी बजार

- २०८२ असार मसान्तमा २७९४.७९ रहेको नेप्से सूचकाङ्क २०८३ असार मसान्तमा २५९७.८० कायम भएको छ। २०८३ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.४४ खर्ब ६३ अर्ब ५५ करोड कायम भएको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ६७.६३ प्रतिशत हो।

- आर्थिक वर्ष २०८२/८३ मा साधारण शेयर, बोनस शेयर, म्युचुअल फन्ड, डिबेन्चरलगायत गरी कुल रु.१ खर्ब ५७ अर्ब ६ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् भने नेपाल धितोपत्र बोर्डले कुल रु.५६ अर्ब ३ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ। यस अवधिसम्म धितोपत्र बजारमा सूचीकृत कम्पनीको सङ्ख्या ३०२ पुगेको छ।

## ४.९ वैदेशिक व्यापार

- आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु निर्यात १३.८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १५ अर्ब २९ करोड पुगेको छ। गन्तव्यका आधारमा भारत र अन्य मुलुकतर्फको निर्यात क्रमशः १५.१ प्रतिशत र १०.१ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा २८.० प्रतिशतले कमी आएको छ।

- आर्थिक वर्ष २०८२/८३ मा कुल वस्तु आयात १६.२ प्रतिशतले वृद्धि भई रु.२० खर्ब ९६ अर्ब ३८ करोड पुगेको छ। मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः १३.० प्रतिशत, २४.७ प्रतिशत र १७.५ प्रतिशतले वृद्धि भएको छ। उक्त वर्षमा कुल वस्तु व्यापार घाटा

१६.६ प्रतिशतले वृद्धि भई रु.१७ खर्ब ८१ अर्ब ९ करोड पुगेको छ भने निर्यात—आयात अनुपात १५.० प्रतिशत रहेको छ।

### ४.१० सेवा व्यापार र पर्यटक आगमन

- आर्थिक वर्ष २०८२/८३ मा देशको सेवा व्यापारको स्थितिमा सुधार आएको छ। समीक्षा वर्षमा खुद सेवा आय घाटा घटेर रु.७३ अर्ब ६० करोडमा सीमित भएको छ, जुन अघिल्लो आर्थिक वर्षको रु.९० अर्ब ३० करोड घाटाको तुलनामा रु.१६ अर्ब ७० करोडले कम हो।

- उक्त अवधिमा भ्रमण आय १.५ प्रतिशतले वृद्धि भई रु.९० अर्ब ५ करोड पुगेको छ भने भ्रमण व्यय ६.५ प्रतिशतले कमी आई रु.२ खर्ब ९ अर्ब १० करोड कायम भएको छ। कुल भ्रमण व्ययमध्ये शिक्षातर्फको खर्च मात्रै रु.१ खर्ब ४१ अर्ब ९२ करोड रहेको छ, जुन कुल भ्रमण व्ययको ६७.८७ प्रतिशत हुन आउँछ।

- आर्थिक वर्ष २०८२/८३ मा कुल ११ लाख ५८ हजार ४ सय ५९ पर्यटक नेपाल भित्रिएका छन्। यो सङ्ख्या अघिल्लो आर्थिक वर्षको ११ लाख ४७ हजार ५ सय ६७ को तुलनामा ०.९५ प्रतिशत (१०,८९२ जना) ले बढी हो।

### ४.११ वैदेशिक रोजगार र विप्रेषण आप्रवाह

- आर्थिक वर्ष २०८२/८३ मा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या ४ लाख ७ हजार र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ३ लाख ८६ हजार रहेको छ। अघिल्लो वर्ष यस्तो सङ्ख्या क्रमशः ५ लाख ६ हजार र ३ लाख ३३ हजार रहेको थियो।

- वैदेशिक रोजगारीमा गएका नेपालीहरूबाट प्राप्त हुने विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ३७.१ प्रतिशतले वृद्धि भई रु.२३ खर्ब ६३ अर्ब १३ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो आप्रवाह २८.१ प्रतिशतले बढेर १६ अर्ब १९ करोड डलर कायम भएको छ।

### ४.१२ चालु खाता एवम् शोधनान्तर स्थिति

- समीक्षा अवधिमा देशको बाह्य क्षेत्र सबल रहेको छ। आर्थिक वर्ष २०८२/८३ मा चालु खाता रु.९ खर्ब २३ अर्ब ५६ करोडले बचतमा रहेको छ, जुन अघिल्लो वर्ष रु.४ खर्ब ९ अर्ब ८४ करोड बचतमा रहेको थियो। त्यसै गरी, समग्र शोधनान्तर स्थिति रु.१० खर्ब २७ अर्ब ४ करोडको उच्च बचतमा पुगेको छ। अघिल्लो वर्ष शोधनान्तर स्थिति रु.५ खर्ब ९४ अर्ब ५४ करोडले बचतमा रहेको थियो।

### ४.१३ विदेशी विनिमय सञ्चिति

- २०८२ असार मसान्तमा रु.२६ खर्ब ७७ अर्ब ६८ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ४५.६ प्रतिशतको उच्च दरले वृद्धि भई २०८३ असार मसान्तमा रु.३८ खर्ब ९७ अर्ब

६७ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २९.८ प्रतिशतले बढेर २५ अर्ब ३१ करोड डलर पुगेको छ।

- आर्थिक वर्ष २०८२/८३ को आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले २३ महिनाको वस्तु आयात र १९.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखिन्छ।
- २०८३ असार मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१५३.७२ पुगेको छ। समीक्षा वर्षमा अमेरिकी डलरको तुलनामा नेपाली रुपैयाँ १०.९ प्रतिशतले अवमूल्यन भएको छ।

## ४.१४ वैदेशिक लगानी

- आर्थिक वर्ष २०८२/८३ मा कुल प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) १३७.० प्रतिशतको उल्लेख्य वृद्धि भई रु.२८ अर्ब ४९ करोड पुगेको छ, जुन अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा रु.१२ अर्ब २ करोड मात्र भित्रिएको थियो। समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति र दायित्वको स्थिति रु.१८ खर्ब १६ अर्ब ७४ करोडले बचतमा रहेको छ।

**तालिका ४.७: मुलुकको बाह्य क्षेत्रका प्रमुख परिसूचक**

| विवरण | इकाई | २०८१/८२ | २०८२/८३ | वृद्धिदर (%) |
|---|---|---|---|---|
| वस्तु निर्यात | रु.अर्बमा | २७७.०३ | ३१५.२९ | १३.८ |
| वस्तु आयात | रु.अर्बमा | १८०४.१२ | २०९६.३८ | १६.२ |
| विप्रेषण आप्रवाह | रु.अर्बमा | १७२३.२७ | २३६३.१३ | ३७.१ |
| चालु खाता बचत | रु.अर्बमा | ४०९.८४ | ९२३.५६ | १२५.३ |
| शोधनान्तर बचत | रु.अर्बमा | ५९४.५४ | १०२७.०४ | ७२.७ |
| विदेशी विनिमय सञ्चिति | रु.अर्बमा | २६७७.६८ | ३८९७.६७ | ४५.६ |
| प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी) | रु.अर्बमा | १२.०२ | २८.४९ | १३७.० |

*स्रोत : नेपाल राष्ट्र बैंक, २०८३*

## ४.१५ विद्युत उत्पादन

- आर्थिक वर्ष २०८२/८३ सम्ममा कुल विद्युत्को जडित क्षमता ४,१२० मेगावाट पुगेको छ, जुन पछिल्लो १० वर्षको अवधिमा ३,२६४ मेगावाटको उल्लेख्य वृद्धि हो।

## ५. निष्कर्ष

अर्थ मन्त्रालयले नेपालको संविधानको धारा ५१ को खण्ड (घ) मा उल्लिखित नीतिबाट मार्गदर्शित भई नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बाट तोकिएको कार्यक्षेत्रमा मन्त्रालयको दीर्घकालीन सोच तथा सो अनुरुपको उद्देश्य हासिल गर्नका लागि लिइएका रणनीति अवलम्बन गरी दक्षतापूर्वक कार्यसम्पादन गरेको छ। देशको अर्थतन्त्रलाई सबल एवम् सुदृढ बनाउनका लागि नीतिगत, संरचनागत तथा कार्यगत सुधारका क्षेत्रमा मन्त्रालय वा मातहतबाट सम्पादन हुने क्रियाकलाहरू निर्देशित गर्दै आइरहेको छ।